नेपाल सरकार

## ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय

# विद्युत विकास विभाग

सानो गौचरण, काठमाडौं, नेपाल

# तल्लो इन्द्रावती जलविद्युत आयोजनाको ६६ के.भी. विद्युत प्रसारण लाईन आयोजना सम्बन्धी सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/०१/१६

बाग्मती प्रदेश अन्तर्गत पर्ने सिन्धुपाल्चोक जिल्लाको मेलम्ची नगरपालिका वडा नं. ११ मा निर्माणाधीन तल्लो इन्द्रावती जलविद्युत आयोजनाको स्विचयार्डमा सोहि नगरपालिकाको वडा नं. १० हुँदै जाने इन्द्रावती तेस्रो जलविद्युत आयोजनाको ६६ के.भी. विद्युत प्रसारण लाईनलाई Loop In Loop Out गर्ने गरी जम्मा २११.०४ मिटर लामो विद्युत प्रसारण लाईन निर्माण गर्न विद्युत ऐन, २०४९ को दफा ४ को व्यवस्था अनुसार विद्युत नियमावली, २०५० को नियम १३ मा उल्लेखित विवरण खुलाई विद्युत प्रसारण लाईनको अनुमतिपत्रको लागि प्रवर्द्धक कम्पनी श्री नेशनल हाइड्रोपावर कम्पनी लिमिटेडले दरखास्त पेश गरेकोले विद्युत नियमावली २०५० को नियम १५ बमोजिम आवश्यक जाँचबुझ गरी नियम १६ को प्रयोजनको लागि तपसिलका विवरणहरू खुलाई यो सूचना प्रकाशित गरिएको छ। प्रस्तावित प्रसारण लाईन निर्माण तथा सञ्चालन गर्दा उल्लेखनीय प्रतिकूल असर पर्ने भएमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस विभाग वा प्रवर्द्धक कम्पनीमा आफ्नो लिखित राय प्रतिक्रिया दिनु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. श्री नेशनल हाइड्रोपावर कम्पनी लिमिटेड प्रचलित कम्पनी ऐन, २०६३ अन्तर्गत गठन भएको संस्था हो।
२. यस प्रसारण लाईनको भोल्टेज ६६,००० भोल्ट, सिङ्गल सर्किट रहने र १२ मेगावाटसम्मको विद्युत शक्ति प्रसारण गर्न सकिनेछ।
३. यस प्रसारण लाईन आयोजना, बागमती प्रदेश अन्तर्गत पर्ने सिन्धुपाल्चोक जिल्लाको मेलम्ची नगरपालिका वडा नं. ११ मा निर्माणाधीन तल्लो इन्द्रावती जलविद्युत आयोजनाको स्विचयार्डमा सोहि नगरपालिकाको वडा नं. १० हुँदै जाने इन्द्रावती तेस्रो जलविद्युत आयोजनाको ६६ के.भी. विद्युत प्रसारण लाईनलाई Loop In Loop Out गर्ने गरी जम्मा २११.०४ मिटर, सिङ्गल सर्किट, ६६ के.भी. प्रसारण लाइन निर्माण गरिनेछ।
४. यो प्रसारण लाईनको लम्बाई २११.०४ मिटर हुनेछ जसमा २ वटा टावर निर्माण गरिने छन्। टावरको उचाई अधिकतम ३० मिटर सम्म रहनेछ। आयोजना निर्माणको लागि कूल ०.४०६ हेक्टर जमिन आवश्यक पर्ने छ, जस मध्य २ वटा टावरका लागि स्थायी रुपमा करिब ०.०१६ हेक्टर जग्गा आवश्यक पर्दछ। यस बाहेक विद्युत मार्गको क्षेत्राधिकार (Right of Way) अन्तर्गत ०.३९ हेक्टर जग्गा आयोजनालाई आवश्यक पर्नेछ।
५. यो प्रसारण लाईनको क्षेत्राधिकार (RoW) विद्युत नियमावली, २०५०मा तोकिए बमोजिम न्यूनतम दुरीमा नघटाई प्राविधिक दृष्टिकोणबाट १२ मी. (मध्य विन्दुबाट ६/६ मी. दायाँबायाँ) कायम गरिने छ।
६. यो प्रसारण लाईनको निर्माण कार्य १२ महिनाभित्र सम्पन्न गरिने लक्ष्य रहेको छ।
७. यो प्रसारण लाईन निर्माण तथा सञ्चालन गर्दा विद्युत ऐन, २०४९ को दफा २४ बमोजिम भु-क्षय, बाढी, वायु प्रदुषण आदिद्वारा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी निर्माण गरिने छ।
८. यस आयोजना सम्बन्धमा थप अन्य कुराहरू बुझ्नु परेमा देहायका ठेगानामा सम्पर्क राख्न सकिने छ।

| | |
|---|---|
| **श्री नेशनल हाइड्रोपावर कम्पनी लिमिटेड**<br>**नयाँ बानेश्वर-१०, काठमाडौं**<br>**सम्पर्क नं. ०१-५१७२६८५**<br>**इमेलः** info@nhpc.com | **श्री विद्युत विकास विभाग**<br>**सानोगौरचण, काठमाडौं, फोन नं. : ०१-४५३४११९**<br>**पो.ब.न. : २५०७, फ्याक्स नं. : ०१-५२४४२५७**<br>**इमेल :** info@doed.gov.np |